विधेयक सङ्ख्याः

# पञ्चदेवल विनायक नगरपालिकाको

# विनियोजन ऐन, २०७८

नगरसभाबाट पारित मितिः २०७८/०३/३०

## पञ्चदेवल विनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### विनायक, अछाम

### सुदूरपश्चिम प्रदेश, नेपाल

## आर्थिक वर्ष २०७८/७९

Website: www.panchadewalbinayakmun.gov.np; E-mail: info@panchadewalbinayakmun.gov.np

## उद्देश्य र कारण

आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केहि रकम विनियोजन गर्न र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकले स्थानीय सञ्चितकोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

**(अम्बिका चलाउने)**
**नगर उपप्रमुख**
**पञ्चदेवल विनायक नगरपालिका**

## विनियोजन ऐन, २०७८

## पञ्चदेवल विनायक नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि पञ्चदेवल विनायक नगरपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पञ्चदेवल विनायक नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "पञ्चदेवल विनायक नगरपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेबाट प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०७८/७९ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा, कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च, वित्तिय व्यवस्था, आन्तरिक आम्दानी, नेपाल सरकार तथा प्रदेश सरकार राजश्व बाँडफाँड, सशर्त अनुदान र गत आ.व.को नगद मौज्दात रकम समेत गरी जम्मा रकम रु. ५१,६८,३५,०००/- (अक्षेरुपी रु. एकाउन्न करोड अठ्सठ्ठी लाख पैंतिस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन:** (१) यस ऐनद्बारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/७९ को निमित्त पञ्चदेवल विनायक नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर कार्यपालिका/नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूचि-१**
**(दफा २ सँग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**पञ्चदेवल विनायक नगरपालिकाको सञ्चित कोषबाट विनियोजन हुने रकम**

## आ.व. २०७८/७९ को आय व्यय विवरण

| आम्दानीतर्फ | | | खर्चतर्फ | |
|---|---|---|---|---|
| **क्र. सं.** | **आयका शिर्षकहरु** | **बजेट रु. (हजारमा)** | **खर्चका शिर्षकहरु** | **बजेट रु. (हजारमा)** |
| १ | संघीय सरकार - सशर्त अनुदान | २४०१०० | सशर्त अनुदान | २४०१०० |
| २ | संघीय सरकार - वित्तिय समानिकरण | ९८६०० | प्रशासनिक चालु खर्च | ६३९५० |
| ३ | संघीय सरकार - विशेष अनुदान | | प्रशासनिक पुंजिगत खर्च | ७२०० |
| ४ | संघीय सरकार - राजश्व बाँडफाँड | ८७१८९ | प्रदेश सरकार - समपुरक अनुदान | १४०७० |
| ५ | प्रदेश सरकार - वित्तिय समानिकरण | ६८२७ | प्रदेश सरकार - विशेष अनुदान | ५००० |
| ६ | प्रदेश सरकार - विशेष अनुदान | ५००० | वडाहरुको पुंजिगत खर्च | ३६०५० |
| ७ | प्रदेश सरकार - समपुरक अनुदान (अनुमानित) | १४०७० | वडागत चालु खर्च | ३२४६ |
| ८ | प्रदेश सरकार - राजश्व बाँडफाँड | ४५०४ | विषयगत शाखा कार्यक्रम खर्च | ५३७२० |
| ९ | नगरपालिकाको आ.व. २०७८/७९ को आन्तरिक आय (अनुमानित) | ८००० | भैपरी आउने पूँजिगत खर्च (समपुरक कोष समेत) | १२०२७ |
| १० | गत वर्षको नगद मौज्दात | ३५०७३ | पुंजिगत नगर कार्यपालिका खर्च | ६४४०० |
| ११ | गैर-सरकारी संघ-संस्था | १७४७२ | गैर-सरकारी संघ-संस्था | १७४७२ |
| **जम्मा रु.** | | **५१६८३५** | **जम्मा रु.** | **५१६८३५** |